# खगेन्द्र सङ्ग्रौलाका कथामा प्रतिरोधी चेतना

**यशोदा राई***

**लेखसार**

*प्रस्तुत लेख सांस्कृतिक अध्ययनअन्तर्गत विकसित सीमान्तीयताको सैद्धान्तिक मान्यतामा केन्द्रित रही खगेन्द्र सङ्ग्रौलाद्वारा लिखित कथाका प्रमुख प्रवृत्तिको अध्ययनमा आधारित छ । सङ्ग्रौलाका कथामा सीमान्तकृत वर्गप्रति प्रभुत्वशाली वर्गको शोषण र उत्पीडन कुन रूपमा अभिव्यक्त भएको पाइन्छ र त्यसले सीमान्तकृत वर्गमा विकसित प्रतिरोधी चेतनालाई कसरी प्रकट गरेको छ भन्ने जिज्ञासाको समाधान गर्नु यस लेखको प्रमुख उद्देश्य रहेको छ। यसका लागि सांस्कृतिक अध्ययनअन्तर्गत आन्तोनियो ग्राम्सीद्वारा प्रवर्तित सबाल्टर्नको धारणाबाट विकसित सीमान्तीयतासम्बन्धी सैद्धान्तिक मान्यतालाई पाठविश्लेषणको मुख्य विधिका रूपमा अँगालिएको छ । आधारभूत र द्वितीयक स्रोतबाट सामग्री लिई निर्धारित सिद्धान्तका आधारमा अध्ययन र विश्लेषण गरिसक्दा यस लेखमा खगेन्द्र सङ्ग्रौलाका कथाले सामन्तवादी नेपाली समाजमा वर्गीय, जातीय र लैङ्गिक आधारमा सीमान्तकृत समुदायप्रति भएका उत्पीडनलाई सघन रूपमा उठाएका छन् र ती लक्षित वर्गहरूमाथि व्यापक सामाजिक, सांस्कृतिक धरातलमा भएका त्यस प्रकारका उत्पीडनका विरुद्ध पात्रहरूद्वारा व्यक्त भएका सशक्त स्तरका प्रतिरोधी चेतनालाई महत्त्वका साथ सूक्ष्म रूपमा प्रदर्शित गर्दै प्रभावशाली ढङ्गले प्रस्तुत गरेका छन् भन्ने निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी**

उत्पीडन, प्रतिनिधित्व, प्रतिरोध, प्रभुत्वशाली वर्ग, सीमान्तकृत वर्ग ।

## [Resistance Consciousness in the story of Khagendra Sangraula

Yashodha Rai

Abstract

*The presented article is based on a study one of the major trends in the story written by Khagendra Sangraula, focusing on the theoretical recognition of*

* उपप्राध्यापक, ब्रिटिस गोर्खा कलेज, काठमाडौँ ।

*marginality developed under cultural studies. The main objective of this article is to solve the question of how the exploitation and oppression of the dominant class towards the marginalized class are expressed in Shangri-La's story and how it has revealed the development of resistance consciousness developed in the marginalized class. For this, the theoretical concept of marginality developed from the concept of subaltern promoted by Antonio Gramsci under cultural studies is embraced as the main method of text analysis. After studying and analyzing based on the principles adopted by taking research materials from primary and secondary sources, in this article, Khagendra Sangraula's story has intensively raised the oppression of marginalized communities based on class, ethnicity, and gender in the feudal Nepali society and against the oppression of those target groups that happened on a wide social and cultural level. It is concluded that the strong level of resistance consciousness expressed by the characters has been presented impressively, showing the importance and subtly.*

Keywords

Oppression, Representation, Resistance, Dominant class, Marginalized class.]

**विषयपरिचय**

खगेन्द्र सङ्ग्रौलाका *नलेखिएको इतिहास* (२०३४), *सेतेको संसार* (२०४१), *हाँडी घोप्टेको जीतबाजी* (२०४१), *भविष्यको खोजीमा* लघुकथा (२०४२), *मै दिवस* (२०५१), *हस्तक्षेप* (२०५३) र *खगेन्द्र सङ्ग्रौलाका कथा* (२०५५) नामक कथासङ्ग्रहहरू प्रकाशित छन् । पछि यी सबै कथासङ्ग्रहका कथाहरूलाई *कुन्साङ काकाका कथा भाग-१* (२०६९) र *कुन्साङ काकाका कथा भाग-२* (२०६९) शीर्षकका कथासङ्ग्रहहरूमा सङ्गृहीत गरी पुनःप्रकाशन गरिएको छ । उनका सबै कथाहरू यी दुवै सङ्ग्रहमा समाविष्ट भएकाले प्रस्तुत लेखमा कथाकार खगेन्द्र सङ्ग्रौलाका ती कथाहरूलाई प्रतिरोधी चेतनाका आधारमा विश्लेषण गरिएको छ । सामन्तवादी नेपाली समाजमा प्रभुत्वशाली वर्गले सीमान्तकृत वर्गमाथि गरेको व्यवहारलाई मूल विषय बनाएका सङ्ग्रौलाका कथाहरूले सीमान्तकृत समुदायको आवाज र प्रतिरोधी चेतनाको विषयलाई सशक्त ढङ्गले प्रस्तुत गरेका छन् । सङ्ग्रौलाद्वारा चित्रित नेपाली समाजमा अभिव्यक्त सामाजिक समस्यालाई निर्क्योल गर्दै तिनलाई सांस्कृतिक अध्ययनअन्तर्गतको सीमान्तीय दृष्टिकोणलाई झल्काउने गरी प्रभुत्वशाली वर्गको उत्पीडनका विरुद्धमा उठेको प्रतिरोधी आवाजलाई केलाउनु यस लेखको मुख्य अध्ययनक्षेत्र हो । सङ्ग्रौलाका कथामा प्रभुत्वशाली वर्गको शोषण र उत्पीडनका विरुद्धमा सीमान्तकृत वर्गले व्यक्त गरेको प्रतिरोधी चेतनाको खोजी गरी त्यस गम्भीर विषयवस्तुलाई सूक्ष्म रूपमा प्रस्तुत गर्नु नै यस लेखको मूल उद्देश्य रहेको छ ।

सङ्ग्रौलाले आफ्ना कथामा सामाजिक तथा सांस्कृतिक विषयवस्तुलाई मुख्य स्रोत बनाएका छन् । उनका कथामा विद्यमान नेपाली समाजमा रहेको वर्गीय असमानता र त्यसबाट उत्पन्न भएका सामाजिक द्वन्द्वको सशक्त चित्रण पाइन्छ । उनले आफ्ना कथाहरूमा सामन्तवादी समाजका यथार्थ घटनाहरूलाई कलात्मक ढङ्गले प्रस्तुत गर्दा शोषक र सामन्त वर्गद्वारा उत्पीडित निम्न वर्गको आवाज सघन रूपमा उठाएको पाइन्छ । जाति, वर्ग, धर्म, लिङ्ग, भूगोल आदि विभिन्न आधारमा

समाजको मूलधारभन्दा बाहिर पारिएका, अधिकारबाट वञ्चित गरिएका र उत्पीडनमा पारिएका मानिसहरूको समुदाय नै सीमान्तकृत वर्ग हो । सीमान्तकृत वर्गले शक्तिकेन्द्र वा प्रभुत्वशाली वर्गसँग आफ्नो हकअधिकार प्राप्तिका लागि आवाज उठाउन सक्ने चेतना नै वास्तवमा प्रतिरोधी चेतना हो । खगेन्द्र सङ्ग्रौलाका कथामा सीमान्तकृत वर्गका पहिचान र प्रतिनिधित्वसम्बन्धी विभिन्न अध्येताहरूले गरेका अध्ययनहरू भेटिए पनि प्रतिरोधी चेतनासम्बन्धी अध्ययन, विश्लेषणमा त्यति ध्यान पुग्न नसकेको देखिन्छ । त्यसैले यही रिक्ततालाई पहिचान गरी यस लेखमा पहिचान र प्रतिनिधित्वलाई भन्दा प्रतिरोधी चेतनाको विश्लेषणलाई अध्ययनको प्रमुख विषय बनाइएको छ । यस प्रकारको अभावको परिपूर्तिका लागि नै यो लेख तयार गरिएको हो । सङ्ग्रौलाका कथालाई विभिन्न कोणबाट विश्लेषण गर्न सकिने भए तापनि सीमान्तकृत वर्गले देखाएको प्रतिरोधी चेतनाका आधारमा मात्र निर्दिष्ट कथाहरूको विश्लेषण गर्नु यस लेखको सीमा हो । सङ्ग्रौलाका कथामा पाइने सीमान्तकृत वर्गका प्रतिरोधी चेतना केलाई उनको एक प्रमुख कथात्मक प्रवृत्तिलाई पाठकसामु पुऱ्याउनु नै यस लेखको मुख्य उपादेयता रहेको छ । यसरी विषयको नवीन अध्ययनीयताका लागि खगेन्द्र सङ्ग्रौलाका कथाहरूलाई विवेच्य सामग्री बनाई सीमान्त समुदायको प्रतिरोधी चेतना के कसरी व्यक्त गरिएको छ भन्ने समस्याको समाधान खोज्ने कार्य यस लेखमा गरिएको छ ।

## अध्ययनको विधि

खगेन्द्र सङ्ग्रौलाका पूर्वप्रकाशित सात ओटै कथासङ्ग्रहका कथाहरूलाई *कुन्साङ काकाका कथा भाग-१* (२०६९) र *कुन्साङ काकाका कथा भाग-२* (२०६९) कथासङ्ग्रहहरूमा सङ्गृहीत गरी पुनःप्रकाशन गरिएकाले प्रस्तुत शोधमा यिनै दुई सङ्ग्रहलाई आधारभूत स्रोत मानिएको छ । यी दुईओटा कथासङ्ग्रहमा सङ्गृहीत अड्चालिस कथाहरूमध्ये सीमान्त समुदायको प्रतिरोधी चेतना सघन रूपमा अभिव्यक्त भएका पाँच ओटा कथाहरू 'खरानीमुनिको आगो', 'इन्साफको खोजीमा', 'सेतेको संसार', 'यो पनि जीवन' र 'सङ्ग्रामबहादुर सार्की' लाई सोद्देश्य नमुना छनोटका आधारमा विश्लेष्य सामग्री बनाइएको छ । यिनीहरूमध्ये अघिल्ला चारओटा कथाहरू *कुन्साङ काकाका कथा भाग-१* (२०६९) बाट लिइएका हुन् र अन्तिमको कथा *कुन्साङ काकाका कथा भाग-२* (२०६९) बाट लिइएको हो । यी कथाहरूभित्रका वर्गीय, जातीय र लैङ्गिक रूपमा सीमान्तीय बनाइएका पात्रका चेतनालाई मूल आधार बनाई अध्ययन र विश्लेषण गरिएको छ ।

प्रस्तुत लेखमा खगेन्द्र सङ्ग्रौलाद्वारा लेखिएका कथाहरूमा चित्रित सीमान्त समुदायको प्रतिरोधी चेतनाको अध्ययन गर्न उनका कथाहरूलाई आधारभूत स्रोतका रूपमा र प्रतिरोधी चेतनासम्बन्धी सैद्धान्तिक पर्याधारका लागि पाण्डेय (२०६३), उप्रेती (२०६८), श्रेष्ठ (२०६८), शर्मा (२०७०), बराल (२०७३), महर्जन (२०७७), सुब्बा र थापा (२०११) द्वारा विभिन्न समालोचनात्मक ग्रन्थ तथा लेखहरूमा व्यक्त गरेका तत्सम्बन्धी विचारलाई द्वितीयक सामग्रीका रूपमा अध्ययनीय दृष्टिले उपयोग गरिएको छ । यी सबै सामग्रीको सङ्कलन गर्दा पुस्तकालयीय स्रोतलाई आधार बनाइएको छ । यो अध्ययन गुणात्मक प्रकृतिको भएकाले सङ्कलित सामग्रीको अर्थापनका लागि मुख्यतः सघन पाठविश्लेषणको पद्धति अँगालिएको छ । सीमान्तकृत समुदायको प्रतिरोधी चेतनासम्बन्धी वर्गीय, जातीय र लैङ्गिक अवधारणाका आधारमा खगेन्द्र सङ्ग्रौलाका कथामा व्यक्त प्रतिरोधी चेतनाको विश्लेषणका क्रममा ती कथामा सीमान्तकृत वर्गप्रति प्रभुत्वशाली वर्गले गरेको उत्पीडन र त्यसका विरुद्धमा सीमान्तकृत समुदायका मानिसद्वारा अभिव्यक्त प्रतिरोधी चेतनालाई सैद्धान्तिक र विधागत मूल्यका आधारमा विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

सांस्कृतिक अध्ययनभित्रको एउटा नवीन सैद्धान्तिक अवधारणा सीमान्तीयता अध्ययन हो। इटालेली चिन्तक आन्तोनियो ग्राम्सीद्वारा सर्वप्रथम प्रयोग गरिएको सीमान्तीयता शब्दले सदियौँदेखि शासित, आवाजविहीन तथा इतिहासविहीन वर्गलाई जनाउँछ (श्रेष्ठ, २०६८, पृ. १)। यिनै उत्पीडित, आवाजविहीन र इतिहासविहीन वर्गका आवाज सुन्ने र यस वर्गका अथाह योगदानलाई केन्द्रमा राखेर इतिहास र साहित्यको विश्लेषण गर्ने सैद्धान्तिक अवधारणालाई सीमान्तीय अध्ययन भनिन्छ। इतिहासमा महत्त्वपूर्ण भूमिका खेलेका पात्र, सन्दर्भ, घटना र सत्यतथ्यलाई भारतीय इतिहासलेखनका क्रममा ओझेलमा पारिएको र इतिहासबाट गायब गरेर तिनका ठाँउमा केही सम्भ्रान्त र पहुँचवालाहरूलाई स्थापित गरिएकाले निमुखाहरूको इतिहासलाई नयाँ किसिमले स्थापित गर्ने उद्देश्य लिएर सीमान्तीय अध्ययन सुरु भएको हो (बराल, २०७३, पृ. १७८)। दबिएका र दबाइएका आवाजको खोजी गर्दै इतिहासविहीनहरूको इतिहासलेखन गर्ने मुद्दा नै सीमान्तीय अध्ययनको केन्द्रीय उद्देश्य रहन्छ।

सीमान्त वर्गले शक्तिकेन्द्र वा प्रभुत्वशाली वर्गसँग आफ्नो हकअधिकार प्राप्तिका लागि र आफूमाथि भएका अन्याय, अत्याचार, विभेद आदिका विरोधमा उभिन आवाज उठाउन सक्ने चेतना नै वास्तवमा प्रतिरोधी चेतना हो। यस लेखमा असमान शक्तिसंरचना र सम्बन्ध भएको परिवार, समाज वा राज्यमा हुने शोषण र उत्पीडनविरुद्ध गरिने उत्पीडितहरूका विविध प्रकारका प्रतिरोधलाई नै प्रतिरोधी चेतनाका रूपमा देखाइएको छ। सामान्यतः सत्ता, शक्ति, सम्पत्ति र पहुँच बढी भएको व्यक्ति वा संस्थाले गर्न खोजेको वा गरेको नराम्रो काम वा नीतिमा बाधा-अड्चन हाल्नु, रोकटोक गर्नु, विरोध वा सङ्घर्ष गर्नु नै प्रतिरोधी चेतना व्यक्त गर्नु हो (महर्जन, २०७७, पृ. १६)। कृतिभित्र प्रतिनिधित्व गराइएको वर्गीय, जातीय र लैङ्गिक दृष्टिले सीमान्त पात्रहरूको प्रतिरोधी चेतना केकसरी व्यक्त गरिएको छ भन्ने कुराको अध्ययन-विश्लेषण प्रतिरोधी चेतनाअन्तर्गत पर्दछ। कृतिमा सीमान्तकृत पात्र आफैँ बोलेको छ कि, लेखक (समाख्याता) बोलेको छ या अरू कोही नै बोलेका छन् भन्ने कुराको अध्ययन यसअन्तर्गत गरिन्छ। गायत्री चक्रवर्ती स्पिभाकले सीमान्तकृत समुदाय, प्रभुत्वशाली वर्ग वा शक्तिकेन्द्रविरुद्ध बोल्न सक्दैनन् त्यसैले जैविक बुद्धिजीवीले बोलिदिनुपर्छ भन्ने मत व्यक्त गरेकी छन्। उनले सीमान्तकृतका लागि बोलिदिने बहानामा सीमान्तलाई थप मौन बनाइराख्ने प्रवृत्तिका विरुद्ध पनि आवाज उठाउनुपर्ने तर्क अगाडि सारेको पाइन्छ (शर्मा, २०७०, पृ.३१८)। स्पिभाकका अनुसार सबाल्टर्नहरू बोल्न सक्दैनन्, बोलिहाले पनि उनीहरूको आवाजलाई मूलधारबाट दबाउने काम गरिन्छ। स्पिभाकका दृष्टिमा नारीहरू नै वास्तविक सीमान्तकृत हुन्। पितृसत्तात्मक समाजमा सबै पक्षबाट उपेक्षित र किनारामा पारिएका भनेका महिलाहरू नै हुन्। पुरुषले परिवार अनि समाजमा आफ्नो प्रभुत्व कायम गरेपछि नै लैङ्गिक किनारीकरणको प्रारम्भ भएको हो र यसको इतिहास सायद मानव सभ्यताजत्तिकै पुरानो छ (सुब्बा र थापा, २०११, पृ.१२)। स्पिभाकले सीमान्तीयलाई लैङ्गिकताका आधारमा हेर्नुपर्ने मान्यता राखेकी छन्। सीमान्त समुदाय बोल्न सक्छन् कि सक्दैनन् भन्ने विभिन्न किसिमका दृष्टिकोणहरू रहेका छन्। सामान्यतः सीमान्त शब्दले बोल्न नसक्नेहरूलाई नै जनाउँछ। बोल्न नसक्ने भएकाले उनीहरूका लागि अरू कसैले बोलिदिनुपर्छ वा तिनको प्रतिनिधित्व अरू कसैले गरिदिनुपर्छ। मिसेल फुकोका अनुसार हरेक व्यक्तिले आफ्नो प्रनिनिधित्व आफैँ मात्र गर्न सक्छ। फुकोका दृष्टिमा निमुखा (सबाल्टर्न) वर्गको प्रतिनिधित्व गर्न खोज्ने हाम्रो प्रयासले ती सीमान्तहरूप्रति साङ्केतिक वा सांस्कृतिक हिंसा मात्र हुन सक्छ (उप्रेती, २०६८, पृ. २८२)। यस विषयमा फुकोको भन्दा स्पिभाकको भिन्न विचार रहेको छ। स्पिभाकका विचारमा सबाल्टर्न बोल्न सक्दछन् भने ती सबाल्टर्न नै रहँदैनन्।

सदियौँदेखि सीमान्तकृत समुदायले प्रभुत्वशाली वर्ग वा शक्तिकेन्द्रका विरुद्धमा आफ्नो पहिचान र अधिकारका लागि लड्न सकेको देखिँदैन । पहिलो कुरा त केन्द्रले शोषण गरेको, उत्पीडनमा राखेको सीमान्तकृत वर्गका मानिसहरूले बोध गर्नै सक्दैनन् । दोस्रो, उनीहरूले बोध गरे पनि त्यस वर्गप्रति वैमनस्यता राख्नु भनेको आफ्ना लागि जोखिम मोल्नु हो भन्ने कुराको महसुस गर्दछन् । तेस्रो, सीमान्तीय वर्गले शक्तिकेन्द्रसँग प्रतिरोध गर्नुभन्दा पूर्वजन्मको आफ्नो कर्म र भाग्यलाई उनीहरू दोष दिन पुग्छन् । प्रभुत्वशाली वर्गले सीमान्तकृतहरूको बोलीलाई सुन्ने प्रयास गर्दैनन् । शक्तिकेन्द्रले उनीहरूका आवाजलाई मूल्यहीन रूपमा व्याख्या गरी निस्तेज पार्दछन् । त्यसैले उनीहरूको मलिन आवाज केन्द्रमा पुग्न सक्दैन । यसरी नै प्रभुत्वशाली वर्गले सीमान्तकृत वर्गलाई अधीनस्थ बनाइरहेको हुन्छ । सत्तानिकटका बुद्धिजीवी र नागरिक समाजको प्रतिनिधित्वले कस्तो विश्वास सिर्जना गर्छन् भने मानौँ राज्य तटस्थ छ, दमनकारी छैन । परिस्थितिहरू सामान्य र स्वाभाविक छन् । जे भइरहेको छ, सब ठिक छ भनेर तिनले कन्भिन्स गर्छन्, त्यसैले विद्यमान परिस्थितिका विरुद्ध सङ्घर्ष गर्न र चेतनाको विकास गर्न ग्राम्सीले जैविक बुद्धिजीवीको आवश्यकताको अवधारणा अगाडि सारेका हुन् (पाण्डेय, २०७३, पृ. ६५) । सीमान्त समुदायको पराधीनताको समाप्तिका लागि शक्तिशाली क्रान्ति र स्थायी प्रकृतिको विजयको आवश्यकता पर्दछ ।

कुनै कृतिमा प्रयुक्त तल्लो तहको पात्र नै सीमान्त पात्र हो । सीमान्त वर्गले प्रभुत्वशाली र शक्तिमा रहेको वर्गका क्रियाकलाप, व्यवहारप्रति असहमति जनाउँदै आफ्नो अधिकारप्राप्तिका लागि गरिएको प्रयास नै सीमान्तकृत वर्गको आवाज हो । कृतिमा प्रतिनिधित्व गराइएका सीमान्तकृत वर्ग आफूहरूमाथि भएका उत्पीडनका विरुद्धमा वाचाल छन् कि मौन छन् भन्ने कुराको अध्ययन सीमान्त समुदायको प्रतिरोधी चेतनाअन्तर्गत पर्दछ । कृतिभित्रको प्रतिरोधी चेतना केलाउँदा समाजमा प्रभुत्वशाली वर्गले सीमान्तकृत वर्गप्रति कस्तो किसिमको व्यवहार गरेका छन्, सीमान्तकृत समुदायका मानिसले आफ्नो अवस्थालाई कसरी लिएका छन् र उनीहरूमा प्रतिरोधी चेतना विकसित भएको छ वा छैन भन्ने आधारमा पाठको विश्लेषण गरिन्छ । यस लेखमा पनि यसैअनुरूप वर्गीय, जातीय तथा लैङ्गिक दृष्टिले सीमान्तकृत समुदायको प्रतिरोधी चेतनाका आधारमा खगेन्द्र सङ्ग्रौलाका प्रतिरोधी चेतनायुक्त कथाहरूको मात्रै छनोट गरी तिनैको अध्ययन तथा विश्लेषण गरिएको छ । सङ्ग्रौलाका प्रतिरोधी चेतनाले भरिएका सबल कथाहरू र तिनको विश्लेषणलाई तलका प्रमुख तीन ओटा उपशीर्षकहरूमा व्याख्या गरेर देखाइएको छ ।

## नतिजा र विमर्श

खगेन्द्र सङ्ग्रौलाका *कुन्साङ काका कथा भाग-१* (२०६९) र *कुन्साङ काकाका कथा भाग-२* (२०६९) कथासङ्ग्रहभित्रका कथाहरूमा सम्भ्रान्त वर्गको शोषण र उत्पीडनमा परी गरिब, निमुखा वर्गले सीमान्तकृत भएर जीवनयापन गर्नुपरेको यथार्थलाई जीवन्त रूपमा प्रस्तुत गरिएको छ । यस क्रममा ती कथाहरूमा प्रयुक्त विभिन्न पात्रहरूका माध्यमबाट प्रतिरोध चेतनालाई पनि सशक्त ढङ्गले प्रस्तुत गरिएको छ । यस अर्थमा सङ्ग्रौलाका कथाहरू वर्गीय, जातीय र लैङ्गिक मुक्तिका लागि गरिएका सङ्घर्षका महत्त्वपूर्ण दस्तावेज बन्न पुगेका छन् । सङग्रौलाका *कुन्साङ काकाका कथा भाग-१* र *कुन्साङ काकाका कथा भाग-२* मा रहेका जम्मा अड्चालिस ओटा कथाहरूमध्ये पाँच ओटा कथालाई विशिष्ट नमुनाका रूपमा सोद्देश्यमूलक ढङ्गले लेखको विश्लेषणका लागि चयन गरिएको छ । 'सेतेको संसार' र 'यो पनि जीवन' शीर्षकका दुई कथामा प्राप्त वर्गीय दृष्टिले सीमान्त पात्रहरूद्वारा अभिव्यक्त प्रतिरोधी चेतनाको विश्लेषण गरिएको छ । 'सङ्ग्रामबहादुर सार्की' र 'खरानीमुनिको आगो' नामक दुई कथामा प्राप्त जातीय दृष्टिले सीमान्त पात्रहरूद्वारा अभिव्यक्त

प्रतिरोधी चेतनाको विश्लेषण गरिएको छ। 'इन्साफको खोजीमा' शीर्षकको एउटा कथामा प्राप्त लैङ्गिक दृष्टिले सीमान्त पात्रहरूद्वारा अभिव्यक्त प्रतिरोधी चेतनाको विश्लेषण गरिएको छ। यहाँ सीमान्त समुदायका प्रतिरोधी चेतनासम्बन्धी वर्गीय, जातीय तथा लैङ्गिक प्रकृतिका प्रतिरोधी अवधारणाका आधारमा सङ्ग्रौलाका कथाहरूको अध्ययन गर्दै सीमान्तकृत समुदायका आवाज र प्रतिरोधी चेतनाको सूक्ष्म विश्लेषण गरिएको छ।

## वर्गीय प्रतिरोध

खगेन्द्र सङ्ग्रौलाका *कुन्साङ काकाका कथा भाग-१* र *कुन्साङ काकाका कथा भाग-२* कथासङ्ग्रहमा सङ्गृहीत कथाहरूमध्ये वर्गीय प्रतिरोधी चेतनाका दृष्टिले सशक्त रहेका 'सेतेको संसार' र 'यो पनि जीवन' गरी दुईओटा कथाहरू छन्। यसमा छनोट गरिएका तिनै कथाहरूमा अभिव्यक्त वर्गीय प्रतिरोधी चेतनालाई सूक्ष्म रूपमा केलाइएको छ।

खगेन्द्र सङ्ग्रौलाका कथाहरूभित्र समेटिएको समाजमा सबै मानिसको आर्थिक हैसियत समान किसिमको छैन। आर्थिक रूपले निम्न स्थितिमा रहेका मानिसहरू समाजमा सीमान्तकृत बन्न पुगेका छन्। प्रभुत्वशाली वर्गका मानिसले सत्ता, शक्ति र सम्पत्तिका आडमा निम्न वर्गका मानिसहरूलाई सीमान्तकृत बनाउँदछन्। उनीहरूले पाउने हकअधिकारबाट वञ्चित गराउँदै आफ्नो स्वार्थ पूरा गरिरहन्छन् (श्रेष्ठ, २०७६, पृ. ६२)। प्रभुत्वशाली वर्गको शोषण र उत्पीडनबाट सीमान्तकृत समुदायका मानिसहरू निरीह जीवन बिताउन बाध्य भएका हुन्छन्। कतिपय सीमान्तकृत वर्गले आफ्नो वास्तविकतालाई बुझ्न सकेका हुँदैनन् भने एकाध सीमान्त पात्रले यो कुरालाई बुझे पनि खुलेर प्रतिवाद गर्न सकेका हुँदैनन्। 'सेतेको संसार' कथामा वर्गीय दृष्टिले सीमान्तकृत बन्न पुगेका निम्नवर्गका मानिसहरूले भोग्नुपरेको कष्टपूर्ण जीवनको चित्रण पाइन्छ। यस कथामा प्रयुक्त सीमान्तकृत पात्रहरूमध्ये सेते र डेरावाल विद्यार्थीहरूमा प्रतिरोधी चेतना सशक्त रूपमा रहेको पाइन्छ। सेतेमा मानसिक रूपमा प्रतिरोधी चेतना भए पनि सुरुसुरुमा उसले प्रभुत्वशाली वर्गका अगाडि रहेको प्रतिरोधी चेतना प्रखर रूपमा व्यक्त गर्न सकेको हुँदैन। जब विद्यार्थीहरूले सेतेलाई उत्साहित गर्छन्, त्यसपछि सेते पनि सशक्त प्रतिरोध गर्नसक्ने अवस्थामा पुगेको छ। सेतेले धेरै समयदेखि उत्पीडन सहँदै आएको छ। त्यसै कारण उसलाई प्रत्येक परिस्थितिले कठोर बन्न सिकाएको छ। यही प्रक्रियाबाट आफू सशक्त हुँदै गएको कुरा उसले अनुभव गरेको छ। त्यसैले सेते आफूलाई मनमा लागेको कुरा प्रस्ट रूपमा भन्नसक्ने अवस्थामा पुगेको छ। यस सन्दर्भलाई कथाको निम्नलिखित साक्ष्यले प्रस्ट पार्दछ :

> 'लौ, याँ लगा ल्याप्चे।'
> सेतेकी आमा हात लुकाउन खोज्दै पछि सरी र बाघको मुखैनेर परेको बाछोले झैँ डरले कामेका आँखाले कुलप्रसादका राता आँखा हेरी।
> 'अर्को एकै बर्खमा सेतेले छिनिहाल्छ नि। हेर्, तेरा छोरालाई पुलिसले कुट्दै लगेको म कुन आँखाले हेरूँ ?'
> 'आओस् पुलिस्।' सेतेले आमाका आँसु हेर्दै भन्यो, 'सके गरौँला कुरा, नसके जाउँला झ्यालखान्।' (पृ. ७६)

प्रभुत्वशाली कुलप्रसादले सेतेको परिवारलाई पुस्तौँदेखि नै श्रमशोषण गरिरहेको वास्तविकतालाई सेतेले राम्रोसँग बुझेको छ। वर्षौं अगाडिदेखि सीमान्तकृत सेतेको परिवारले कुलप्रसादको उत्पीडन सहँदै आएको भए पनि अब चाहिँ सेते मानसिक रूपमा सशक्त भई प्रतिरोधी चेतना प्रखर रूपमा व्यक्त गर्न सक्ने अवस्थामा पुगिसकेको छ। मनोमानी ढङ्गले बनाएको तमसुकमा कुलप्रसादले ल्याप्चे लगाउन सेतेकी आमालाई जोड गर्दा उसले झस्किएर आफ्नो हात

आफूतिर तान्छे। प्रभुत्वशाली कुलप्रसादले पुलिस लगाइदिन्छु भनेर उनीहरूलाई धम्की दिँदा पनि सेते डराउँदैन। सेतेकी आमाले तमसुकमा ल्याच्चे लगाउन नमानेपछि पुलिसले तेरो छोरालाई पुलिसले लैजाला भनेर कुलप्रसादले उनीहरूलाई तर्साउँदा पनि 'बरु पुलिस आओस्, सके तिरौँला, नसके झ्यालखानातिर जाउँला' भनेर सेतेले खरोसँग ठाडो प्रतिवाद गर्छ। यति भनेपछि केही नलागेर कुलप्रसाद लुरुलुरु आफ्नो बाटो लाग्छ। यो प्रतिरोधी चेतनाको रूप वाचाल रहेको छ र प्रभुत्वशाली वर्गको प्रतिनिधिलाई निस्तेज बनाउनमा सफल रहेको छ।

'यो पनि जीवन' कथामा सौतेनी आमाबाट आघात बेहोर्न बाध्य भएका व्यक्तिहरूमा देखिने बालमनोविज्ञान र त्यसबाट आउने नकारात्मक परिणामलाई विषयवस्तु बनाइएको छ। प्रस्तुत कथामा सीमान्तकृत पात्रका रूपमा कर्णबहादुर र बिर्खबहादुर रहेका छन्। यी सीमान्तकृत पात्रहरूमध्ये कर्णबहादुरमा प्रतिरोधी चेतना सशक्त रूपमा रहेको छ भने बिर्खबहादुरमा चाहिँ प्रतिरोधी चेतना मानसिक रूपमा विकसित भए पनि उसले प्रभुत्वशाली वर्गका अगाडि खुलेर प्रतिरोध गर्न सकेको छैन। बिर्खबहादुर मौनताको संस्कृतिबाट अलि माथि चाहिँ उठेको छ। आफूहरूलाई ठुलाठालुहरूले शोषण गरेर यस स्थितिमा पुऱ्याइएको हो भन्ने यथार्थलाई उसले राम्रोसँग बोध गरेको छ तर ठुलाठालुहरूका अगाडि उसले सशक्त प्रतिरोध गर्न भने सकेको छैन। यस सन्दर्भलाई उसको साथी कर्णबहादुरसँग उसले गरेको संवादबाट प्रस्ट पारिएको छ। अर्को पात्र कर्णबहादुरले त प्रतिरोधी चेतना मात्र व्यक्त नगरेर वर्गीय मानसिक प्रतिशोधको भावनाले भौतिक रूपमै बदला लिने कार्य पूर्ण गरेको छ। यो सन्दर्भलाई कथामा यसरी देखाइएको छ :

> 'तँ त फेरि आइछस्।' बिर्खबहादुरले उदास दृष्टिले हेर्दै भन्यो।
> 'आएँ, तेरै मायाले।' कर्णबहादुर मुसुमुसु हाँस्यो।
> 'यसपाला केमा परिस् ?'
> 'खुन केस, हत्या।'
> 'ए फेरि मारिस् ? कसलाई ?' आश्चर्य र क्रोध मिसिएको स्वरमा बिर्खबहादुरले सोध्यो।
> 'जिल्ला न्यायाधीश लोकचन्द्र शर्मालाई।'
> 'डाँका गर्न गा' थिस् ?'
> 'होइन,' शान्त स्वरमा कर्णबहादुरले जवाफ दियो, 'त्यो मेरो पुरानो वैरी हो। मलाई बचाउने वचन दिएर त्यसले मेरा मामाबाट सय रुपियाँ पर्ने खसी खायो। खान पनि खायो अनि मलाई बिस वर्ष डुबायो। त्यसले मेरो जिन्दगीका सबै बाटा बन्द गरिदियो।' (पृ. १०९)

कर्णबहादुरले सौतेनी आमाको उत्पीडन सहन नसकेर आफ्नी सौतेनी आमा, भाइ र बहिनीको हत्या गरेपछि ऊ जेलमा पुग्छ। बिस वर्षको जेलजीवन पूरा भएपछि उसलाई जेलबाट निकालिन्छ। जेलबाट छुटेपछि आफूलाई जसले अन्याय गरेको थियो उसको पनि हत्या गरेपछि ऊ पुनः जेल पर्छ। जेलमा उसको साथी बिर्खबहादुरले किन फेरि आइस् भनेर प्रश्न गर्दा उसले प्रतिउत्तरमा दिएको अभिव्यक्ति नै माथि उद्धृत गरिएको साक्ष्य हो। बीस वर्षअगाडि कर्णबहादुरले आफ्नी सौतेनी आमा, सौतेनी भाइ र बहिनीलाई मारेपछि उसलाई जेल जानबाट रोक्ने सर्तमा जिल्ला न्यायाधीश लोकचन्द्र शर्माले कर्णबहादुरका काकाबाट सय रुपियाँ पर्ने खसी खाएको हुन्छ तर उसलाई जेल जानबाट भने रोक्दैन। फलतः कर्णबहादुरले जेल जानुपर्छ। बीस वर्षको सजाय भोगिसकेपछि ऊ जेलबाट छुट्छ। त्यसपछि उसले उक्त न्यायाधीशसँग प्रतिशोध लिने निर्णय लिन्छ र उसलाई मारिदिन्छ अनि हत्याका आरोपमा पुनः ऊ जेलमा पर्छ। यही सन्दर्भमा कर्णबहादुरको साथी बिर्खबहादुरले फेरि किन आइस् भन्दा मेरो पुरानो वैरी न्यायाधीशलाई मारेर आएको भन्ने जवाफ उसले दिन्छ।

सीमान्तकृत कर्णबहादुरलाई बचाउने सर्तमा प्रभुत्वशाली न्यायाधीशले खसी खाएको हुन्छ। उक्त न्यायाधीशले गरेको अन्यायका विरुद्धमा कर्णबहादुरले मानसिक प्रतिशोध लिन्छ र भौतिक प्रतिरोध गर्छ। आफूलाई अन्याय गरेको मान्छे न्यायाधीशसँग बदला लिएको देखाएर जजसले जिन्दगीमा अन्याय गरेका छन् तिनका विरुद्धमा कर्णबहादुरले एकएक गर्दै प्रतिशोध लिँदै आएको यथार्थतालाई पाठमा प्रस्तुत गरिएको छ। नेपाली समाजमा सम्भ्रान्त वर्गले गरिब निमुखाहरूलाई ठग्ने, शोषण गर्नेजस्ता विकृति र विसङ्गतिलाई पनि माथि प्रस्तुत प्रसङ्गले सङ्केत गरेको छ। यस प्रसङ्गले अर्को के पनि देखाएको छ भने जजसले अरूका जिन्दगीमाथि अपमान गर्छन्, अन्याय गर्छन् तिनका विरुद्धमा सशक्त प्रतिरोध गर्ने हो भने समाजमा शोषक, उत्पीडकहरूको मनोबल घटेर त्यस प्रकारका विकृति र विसङ्गतिहरूको न्यूनीकरण हुन सक्छ। त्यसैले यस कथामा प्रस्तुत सीमान्तकृत पात्र कर्णबहादुरले जुन खालको वर्गीय प्रतिरोधका लागि साहस गरेको छ त्यसलाई आफैँमा सामाजिक परिवर्तनका निम्ति ठुलो कदमका रूपमा लिन सकिन्छ। समाजमा व्याप्त विभिन्न किसिमका विकृति र विसङ्गतिहरूलाई सहँदै जाने हो भने झन् यस्ता कुराहरू बढ्दै जान्छन् त्यसैले यस्ता कुराहरूलाई कदापि सहनु हुँदैन। यसरी यस कथामा प्रयुक्त सीमान्तकृत पात्र कर्णबहादुरले पनि प्रभुत्वशाली वर्गका उत्पीडनहरू कदापि सहनु हुँदैन भन्ने किसिमको बलियो मानसिकता बोकेर त्यसको सशक्त प्रतिरोध गर्ने ठुलो साहसपूर्ण चेतना उसले प्रदर्शन गरेको कुरालाई पनि माथिको पाठमा व्यक्त गरिएको छ।

## जातीय प्रतिरोध

खगेन्द्र सङ्ग्रौलाका *कुन्साङ काकाका कथा भाग-१* र *कुन्साङ काकाका कथा भाग-२* कथासङ्ग्रहमा सङ्गृहीत कथाहरूमध्ये जातीय प्रतिरोधी चेतनाका दृष्टिले सशक्त रहेका 'सङ्ग्रामबहादुर सार्की' र 'खरानीमुनिको आगो' शीर्षकका दुई ओटा कथाहरूलाई विश्लेषणका निम्ति छनोट गरी यिनमा अभिव्यक्त जातीय प्रतिरोधी चेतनालाई यहाँ सूक्ष्म रूपमा केलाइएको छ।

समाज र संस्कृतिमा आएका परिवर्तनहरूसँगै सामन्तवादीद्वारा सिर्जित जातीय व्यवस्थामा केही लचकता आएको देखिन्छ। मानिसका सोच र व्यवहारहरूमा क्रमशः परिवर्तन आएका छन्। आज एक्काइसौँ शताब्दीमा आएर दलितलाई हेर्ने दृष्टिकोण केही हदसम्म परिवर्तन भएको देखिन्छ। दलितहरू स्वयंमा पनि यस्ता परिवर्तनहरू देखिन थालेका छन्। दलितहरू विगतका दिनमा कठोर उत्पीडनहरू भोग्न बाध्य भए पनि आज आएर उक्त उत्पीडनप्रति उनीहरू सशक्त प्रतिरोध गर्नसक्ने भएका छन्। प्रभुत्वशाली वर्गबाट अनाहकमा हेपिनु, उत्पीडित हुनु हुँदैन भन्ने किसिमको जागरण उनीहरूमा पनि आउन थालेको देखिन्छ। दलितहरू पनि समाजमा गैर दलितहरूकै बराबरका हकअधिकार खोज्नसक्ने भइसकेका छन्। कानुनी पक्षबाट पनि उनीहरू सशक्त हुँदै आएका छन्। उनीहरूमा न्याय र समानताप्रतिको आत्मविश्वास बढ्दै गएको देखिन्छ। आफूहरूप्रति भएको शोषण र उत्पीडनलाई सहेर नबस्ने र त्यसका विरुद्ध एकजुट भएर प्रतिरोध गर्ने हैसियतमा आज दलितहरू अघि बढिरहेका देखिन्छन्। उनीहरूको यस्तो अवस्थालाई 'सङ्ग्रामबहादुर सार्की' कथामा यसरी प्रस्तुत गरिएको छ :

> 'बड', राई सरको छेउमा उभिएर सङ्ग्रामेका बाबुले धमासको जवाफ धमासमै दियो, 'म पनि सक्छु आगो लाउन। खाँबा ठड्याउने म, बलो हाल्ने म, बेन्चीधरि बनाउने म, मेरै छोराले बेन्चीमा बस्न नपाउने ?' राता आँखाले मुखियाका झन् राता आँखा ताकेर उसले सोध्यो, 'के कुकुरको छाउरो हो मेरो छोरो ?' (पृ. ७२)

शिक्षक शान्तकुमार राईको सल्लाहअनुसार सङ्ग्रामबहादुर सार्कीलाई उसका बाबुले स्कुलमा भर्ना गरिदिन्छ। सङ्ग्रामबहादुर सार्कीलाई स्कुलमा कक्षाका साथीहरूसँग बस्न प्रतिबन्ध लगाइन्छ।

कक्षाका अरू विद्यार्थीहरू बेन्चमा मस्त गरी बसिरहेका तर सङ्ग्रामबहादुर सार्की भने भिजेको बोरा बिच्छ्याएर भुइँमा बसिरहेको देखेपछि शिक्षक शान्तकुमार राईको चित्त दुख्छ। सङ्ग्रामबहादुर सार्कीलाई पनि विद्यार्थीहरूको छेउमा बसाउनलाई भनेर शिक्षकले कमल भन्ने विद्यार्थीलाई एक छेउ खाली गर्न आग्रह गर्दा त्यसको विरोधका लागि कमल झोक्किँदै कक्षा छोडेर घर गइदिन्छ। यसै विषयलाई लिएर कमलकृष्णको बाबु मुखियाले स्कुलमा ठुलो कचहरी बसाउँछ। उक्त कचहरीमा मुखियाले गाई र सुँगुर कुनै दुनियाँमा पनि सँगै बस्न नसक्ने हुनाले स्कुलमा कि आफ्नो छोरो हुँदैन कि गन्देको छोरो हुँदैन भनेर सबैलाई थर्काउँछ। मुखियाले सार्कीका सन्तानलाई उक्त स्कुलमा पढाउन दिए आफूले स्कुलमा आगो लगाउने धम्कीसमेत दिन्छ। मुखियाले दिएको यस्तो किसिमको धम्की सुनेर सङ्ग्रामबहादुर सार्कीका बाबुले पनि धम्कीकै भाषामा प्रतिउत्तर दिन्छ। स्कुलका सबै भौतिक संरचना बनाउने आफू तर आफ्नै छोराले यो स्कुलमा पढ्न कसरी पाउँदैन भन्ने किसिमको प्रतिप्रश्न पनि उसले मुखियालाई गरेको छ साथै आफ्नो छोरालाई मुखियाले अपमानजनक शब्दमा कुकुरको छाउरो भनेकामा सङ्ग्रामबहादुर सार्कीका बाबुले ठुलो आक्रोश पनि पोखेको छ।

सीमान्तकृत सङ्ग्रामबहादुर सार्की र उसका बाबुले सुरुका अवस्थाहरूमा खरो प्रतिवाद गर्न सकेका छैनन्। उनीहरूले प्रभुत्वशाली वर्गबाट धेरै उत्पीडनहरू सहँदै आए पनि त्यस उत्पीडनका विरुद्धमा प्रतिरोध गर्न सकेका छैनन्। उनीहरूको आवाज मलिन छ। यसको मुख्य कारण शताब्दीयौँदेखि सामाजिक उत्पीडनका माध्यमबाट दलितहरूलाई जातीय सीमान्त स्थितिमा पारिएको छ। त्यसै कारण उनीहरूमा मानसिक रूपमा प्रतिरोधी चेतना रहे पनि उनीहरूले प्रखर रूपमा व्यक्त गर्न सकेको देखिँदैन। तर पछिल्लो समयमा आएर भने सङ्ग्रामबहादुर र उसका बाबुमा प्रतिरोधी आवाज सशक्त रूपमा मुखरित भएको छ। उनीहरू वाचाल छन्। प्रभुत्वशाली मुखियाले आफूहरूप्रति गरेको उत्पीडनका विरुद्धमा सङ्ग्रामबहादुर सार्की र उसका बाबुले प्रखर रूपमा प्रतिरोधी आवाज व्यक्त गरेका छन्। मुखियाप्रति व्यक्त गरेका उनीहरूका सशक्त प्रतिरोधी आवाजहरूले यस सन्दर्भलाई पुष्टि गरेका छन्।

'खरानीमुनिको आगो' कथा निम्नवर्गीय दलितहरूको जीवनचर्यालाई मुख्य विषयवस्तु बनाएर लेखिएको छ। प्रस्तुत कथामा सीमान्तकृत दलित पात्र जितमान सार्कीमा मानसिक रूपमा प्रतिरोधी चेतना विकसित भएको छ। उसको परिवारको आर्थिक अवस्था अत्यन्तै कमजोर भएका कारणले उसले प्रभुत्वशाली मुखियासमक्ष आफ्ना आवाजहरूलाई सशक्त र प्रखर रूपमा राख्न सकेको देखिँदैन। जितमान सार्की प्रभुत्वशाली मुखियाको अगाडि झुक्न बाध्य भएको छ। यसको मुख्य कारण जितमान सार्कीसँग जीवन धान्ने अन्नपानी र पैसा छैन। पहिलो कुरा त उससँग काम गरिखाने खेतबारी नै छैन। जबसम्म कुनै व्यक्ति, परिवार र राष्ट्र आर्थिक रूपले आत्मनिर्भर हुँदैन तबसम्म ऊ कुनै हालतमा पनि स्वतन्त्र हुन सक्दैन। जितमान सार्कीको पनि अवस्था त्यस्तै रहेको छ। उसलाई आफ्नो अवस्थाका बारेमा ज्ञात भइसकेको र आफू शोषण र उत्पीडनमा परेको कुरा राम्रोसँग बोध भइसक्दा पनि उसले सिधै मुखियासँग प्रतिरोध गर्न असमर्थता देखाएको छ। जितमान सार्कीले अघिल्लो समयमा मुखियाको अगाडि सिधै प्रतिरोध गर्न सकेको हुँदैन तर मुखियाले मरेको गोरुको मासु दिन अस्वीकार गरेपछि जितमान सार्की र मुखियाका बिच केही समय भनाभन पनि हुन्छ। यसरी पछिल्लो समयमा जितमान सार्कीमाथि सामन्तवादी विचार भएको प्रभुत्वशाली वर्गको प्रतिनिधित्व गर्ने मुखियाले गरेको व्यवहारप्रति उसले ठाडै प्रतिवाद गरेको छ। उसले गरेको प्रतिवादलाई 'खरानीमुनिको आगो' कथामा यसरी व्यक्त गरिएको छ :

> 'सिनु काटेर आफै भट्टेभोज लाऊ।' चाँच्चाँडो पाइला चाल्दै जितमानले तितो पोख्यो। अनि उसले मनमनै भन्यो- मेरो खेत खायो, मेरी छोरीलाई खायो, सिनुसम्म खान नदिएर अब मेरी आमालाई खान खोज्छ, निठुरी काठो ! (पृ. २०)

जितमान सार्कीले पसिना काढेर सिलाएको छालाको जुत्ता बोकेर जाँदा पनि मालिकको मन पग्लेको हुँदैन । उल्टो जितमान सार्कीलाई उसले थर्काउँछ, हप्काउँछ; विभिन्न नचाहिने आक्षेपहरू लगाउँछ । त्यसपछि जितमान सार्की रिसाएर फन्केर हिँडेको देखेर मालिकले उसलाई फर्कीफर्की बोलाउँछ । मालिकले बोलाएको कुरालाई सुनेको नसुने झैँ गरी जितमान सार्की सिनु काटेर आफैँ भट्टेभोज लगाऊ भन्दै आफ्नो बाटो लाग्छ । खेत पनि त्यही मालिकले खायो, छोरी पनि खायो, आज बुढीआमालाई पनि जिउँदै खाँदै छ, निष्ठुरी दयाहीन काठो बाहुन भन्दै त्यहाँबाट जितमान सार्की आफ्नो घर फर्कन्छ ।

जितमान सार्कीले प्रभुत्वशाली मालिकको अगाडि सुरुसुरुमा ठाडै प्रतिरोध गर्न सकेको छैन । यसको मुख्य कारण प्रभुत्वशाली जातीय संस्कृतिले सार्की र उसका परिवारलाई जातीय सीमान्तमा पारेको छ । सुरुसुरुका अवस्थामा जितमान सार्कीमा प्रतिरोधी चेतना प्रखर रूपमा व्यक्त हुन सकेको देखिँदैन तर कालान्तरमा आएर उसमा प्रतिरोधी आवाज सशक्त रूपमा व्यक्त गर्ने अवस्था विकसित भएको छ । जब उनीहरूमाथि प्रभुत्वशाली मुखियाले गरेको अन्यायको पराकाष्ठा नाघ्छ तब स्वतः जितमान सार्कीमा प्रखर रूपमा प्रतिरोधी चेतना विकसित भएको छ । जितमान सार्कीले मालिकलाई सिनु काटेर आफैँ भट्टेभोज लाऊ भन्दै आफ्नो बाटो लाग्नु एउटा बलियो विरोधको शक्ति हो । यस कथामा पनि प्रतिरोधी चेतना वाचाल रूपमा खरो गरी प्रकट भएको देखिन्छ । यसरी दलित समुदायलाई गैर दलित समुदायले शोषण, दमन, अन्याय र अत्याचार गरिरहेको र त्यसका विरुद्ध प्रतिरोध र विद्रोह बढ्दै गएको वर्तमान सामाजिक सन्दर्भलाई यस कथाले सशक्त रूपमा सङ्केत गरेको छ ।

## लैङ्गिक प्रतिरोध

खगेन्द्र सङ्ग्रौलाको *कुन्साङ काकाका कथा भाग-२* मा सङ्गृहीत कथाहरूमध्ये लैङ्गिक प्रतिरोधी चेतनाका दृष्टिले सबल रहेको 'इन्साफको खोजीमा' कथालाई मात्र यहाँ छनोट गरी यसमा अभिव्यक्त लैङ्गिक प्रतिरोधी चेतनालाई सूक्ष्म रूपमा विश्लेषण गरिएको छ ।

नेपाली समाजको संरचना पुरुषसत्तामा आधारित छ । यहाँका विभिन्न मूल्य, मान्यता, संस्कृति र परम्परा सबै पुरुषकेन्द्री रहेका छन् । महिलाहरू धर्म र संस्कारका नाममा सयौँ वर्षदेखि उत्पीडनमा परेर बाँच्न विवश भएका छन् । घरपरिवार र समाजको निर्माणमा महिलाहरूको महत्त्वपूर्ण भूमिका रहे तापनि पितृसत्ताका कारण महिलाहरूलाई कुनै मूल्य र महत्त्व नदिई समाजमा सीमान्तकृत बनाइएको छ । 'इन्साफको खोजीमा' कथा नारीपात्रको केन्द्रीयताका संरचित छ । यस कथामा ऊ पात्रद्वारा सम्बोधित सीमान्तकृत नारी पात्रमा प्रतिरोधी चेतना सामान्य किसिमको रहेको छ । उसले आफ्नो लोग्ने र घरपरिवारले गरेको उत्पीडनप्रति प्रत्यक्ष प्रतिरोध गर्न नसके पनि उसमा आन्तरिक रूपमा प्रतिरोधी चेतनाको विकास भइसकेको देखिन्छ । आफू अन्याय र उत्पीडनमा पारिएको कुरालाई उसले राम्रोसँग बुझिसकेकी छ तर पितृसत्ताका विरुद्धमा ऊ एक्लैले मात्र आवाज उठाउन जटिल भएकाले समाख्यातासमक्ष उसले सहयोग मागेकी छ । उसले आफू उत्पीडनमा पारिएको कुराप्रति पटक्कै चित्त बुझाएकी छैन । उसलाई लोग्नेसँग बदला लिने ठुलो धोको छ । ऊ एक्लो भएका कारणले त्यसो गर्न सम्भव देख्दिन । त्यसैले ऊ आफूले चिनेजानेका सबै मान्छेहरूलाई आफ्नो पीडा सुनाउन बाध्य भएकी छ तर प्रभुत्वशाली पुरुषसत्ताका कारणले गर्दा उसका कुरालाई कसैले वास्ता गर्दैनन् । यसैले प्रभुत्वशाली पितृसत्ताले उसको आवाजलाई दबाइरहेको छ । उसको यस अवस्थालाई कथामा यसरी प्रस्तुत गरिएको छ :

'अब तिमीहरूको मद्दत चाहियो मलाई, बुझ्यौ ?'

'बुझेँ, तर मद्दत कसरी गर्नुपर्‍यो ?'
'त्यसका घुँडा फुकाल्नुपर्‍यो । त्यसका डाक्टरी धाक माटामा मिलाइदिनुपर्‍यो ।
पापको फल त्यसलाई चखाइदिनुपर्‍यो । जसरी मेरो जीवनको जात्रा देखेर त्यो रमायो,
त्यसको जात्रा देखेर म पनि त्यसरी नै रमाउन पाऊँ ।' (पृ.२८)

आफ्नो लोग्नेले हेला र तिरस्कार गरेपछि पनि 'ऊ' द्वारा सम्बोधित नारीपात्रले तत्कालै लोग्नेको अगाडि प्रतिरोध गर्न सकेकी छैन । उसले बिस्तारै झन् बढी दुःख, पीडा भोगेपछि मात्र उसमा प्रतिरोधी चेतना जागृत भएर आएको छ । उसले आफ्नो लोग्नेसँग बदला लिन चाहेकी छ तर ऊ एक्लैले यो कुरा गर्नसक्ने अवस्था देख्दिन । पितृसत्ता बलियो भएर बसेको यस जटिल अवस्थामा त्यसैले त उसले समाख्यातासँग सहयोगको याचना गरेकी छ । उसको लोग्नेले डाक्टरको धाक लगाएको कारण उसले त्यस धाकलाई माटोमा मिलाइदिन चाहेकी छ । आफूले दुःख पाउँदा जात्रा हेरेर बस्ने लोग्नेको दुःखमा आफू पनि रमाउन पाइयोस् भन्ने उसले मनमनै ठुलो अपेक्षा गरेकी छ ।

विवेच्य यस कथामा लोग्नेबाट प्रताडित सीमान्तकृत 'ऊ' द्वारा सम्बोधित महिला पात्रको मनोदशालाई व्यक्त गरिएको छ । उसमा आफू अधीनस्थ भएको कुरा मानसिक रूपमा बोध भइसकेको स्थिति छ । उसमा सहनु हुँदैन भन्ने बोध भए तापनि प्रभुत्वशाली पुरुषवर्गको प्रतिनिधि रहेको लोग्नेका अगाडि प्रखर रूपमा उसले आफ्नो कुरा राख्न सकेकी छैन । उसले एक्लै सिधै प्रतिवाद गर्न नसकेका कारणले नै प्रतिरोधको चाहना पूरा गर्न अरूसँग सहयोगको अपेक्षा गरेकी छ । उसको आवाजलाई पितृसत्ताद्वारा दबाउन खोजिएकाले सीमान्तीय पात्रकै स्थानबाट उसले प्रतिरोधको चेतनालाई बुद्धिजीवी समाख्याताका माध्यमले भए पनि व्यक्त गर्न समर्थ रहेको कुरा यस कथामा प्रस्ट भएको छ ।

## निष्कर्ष

प्रभुत्वशाली वर्गले गरेको उत्पीडनका विरुद्ध जागरुक भएर आफ्नो हकअधिकार वा अवसरका लागि क्रियाशील हुँदै स्पष्ट आवाज उठाउन सक्ने चेतना नै प्रतिरोधी चेतना हो । सामन्तवादी नेपाली समाजका वर्गीय, जातीय तथा लैङ्गिक समुदायका प्रतिरोधी चेतनालाई महत्त्वका साथ अभिव्यक्त गरेका हुनाले खगेन्द्र सङ्ग्रौलाका कथामा सीमान्त समुदायको सघन प्रतिनिधित्व भएको देखिन्छ । खगेन्द्र सङ्ग्रौलाका दुई ओटा कथामा वर्गीय प्रतिरोधी चेतना प्रखर रूपमा अभिव्यक्त भएको, दुई ओटा कथामा जातीय प्रतिरोधी चेतना प्रखर रूपमा अभिव्यक्त भएको र एउटा कथामा मात्र लैङ्गिक प्रतिरोधी चेतना प्रखर रूपमा अभिव्यक्त भएको छ । नेपाली समाजमा विकसित हुँदै गएको चेतनालाई ग्रहण गर्दै वर्गीय, जातीय र लैङ्गिक आधारमा सीमान्तकृत बनेर बाँच्न विवश समुदायका आवाजलाई खगेन्द्र सङ्ग्रौलाका विद्रोहमूलक नवीन चेतना बोकेका कथाहरूमा व्यक्त गरिएको कुरा यस अध्ययनबाट प्रस्टिएको छ । यसरी हेर्दा खगेन्द्र सङ्ग्रौलाका 'सेतेको संसार' कथामा वर्गीय, 'सङ्ग्रामबहादुर सार्की' कथामा जातीय र 'इन्साफको खोजीमा' कथामा लैङ्गिक प्रतिरोधी चेतना उच्च रहेको पाइन्छ । अन्ततः यस अध्ययनभित्र भएका विश्लेषणबाट खगेन्द्र सङ्ग्रौला आधुनिक नवीन चेतनाका वाहक बनेर सीमान्तीय प्रतिरोधी चेतना अभिव्यक्त गर्ने एक सशक्त कथाकारका रूपमा सुपरिचित र स्थापित हुन्छन् ।

## सन्दर्भ सामग्रीसूची

उप्रेती, सञ्जीव (२०६८). *सिद्धान्तका कुरा.* काठमाडौँ : अक्षर क्रियसन नेपाल ।
पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०७३). *मार्क्सवाद र सबाल्टर्न अध्ययन.* ललितपुर : साझा प्रकाशन ।
महर्जन, राजेन्द्र (२०७७). *सिलु म्ये र सामाजिक प्रतिरोध.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रष्ठिान
शर्मा, मोहनराज. (२०७०). अवरजन अध्ययन र साहित्य. *भृकुटी* (सांस्कृतिक अध्ययन विशेषाङ्क). १९, पृ. ३१४–३२० ।
श्रेष्ठ, तारालाल (२०६८). *शक्ति, स्रष्टा र सबाल्टर्न.* काठमाडौँ : डिस्कोर्स पब्लिकेसन ।
सङ्ग्रौला, खगेन्द्र (२०६९). *कुन्साङ काकाका कथा भाग-१.* ललितपुर : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।
सङ्ग्रौला, खगेन्द्र (२०६९). *कुन्साङ काकाका कथा भाग-२.* ललितपुर : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।
सुब्बा, मनप्रसाद र थापा, रेमिका (सम्पा.) (सन् २०११). *किनारा विमर्श.* दार्जिलिङ : गामा प्रकाशन ।